१

## श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

विषय ;- ०७९-wc-००३५ को रिट निवेदन खारेज गरी पाउँ ।

चन्द्रकान्त लामिछानेको नाति, लालचन्द लामिछानको छोरा का.जि.का.म.न.पा. वडा नं.६ बौद्ध महांकाल बस्ने बर्ष ४७ को रवि लामिछानेको वारेश जिल्ला रौतहट परोहा न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल का.जि. का.म.न.पा वडा नं. ३२ बस्ने मो. अनवारुल हकको छोरा बर्ष २६ को अधिवक्ता मो. अफताब आलम (मो.न९८०१०८९७८६)....................१ — लिखित जवाफ प्रस्तुतकर्ता प्रत्यार्थी

विरुद्ध

कास्की जिल्ला, रुपा गा.पा. वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.३ बस्ने वर्ष ४२ को अधिवक्ता रबिराज बसौला....................१

रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १२ गेलु स्थायी घर भई हाल ल.पु.जि. महालक्ष्मी न.पा. वडा ५ बस्ने वर्ष ५० को अधिवक्ता नानी बाबु खत्री....................१ — बिपक्षी रिट निबेदक

मुद्दाः– उत्प्रेषण, परमादेश ( ०७९-WC-००३५)

उल्लेखित विपक्षीले म लिखितजवाफ प्रस्तुतकर्ता समेतलाई विपक्षी बनाई यस अदालतमा दायर गरेको निवेदनमा सम्मानित अदालतबाट जारी भएको मेरो नाउँको सात दिने म्याद मैले मिति २०७९।०९।१३ मा तामेल भएकोले सोको म्यादै भित्र लिखितजवाफ पेश गर्न कार्य ब्यस्तता र काबू बाहिरको परिस्थिती परी उक्त म्याद गुज्रन गएकोले उक्त गुज्रेको म्याद सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २२(२) (क) बमोजिम छुट्टै निवेदनबाट थमाई थामी पाएको म्यादै भित्र यो लिखितजवाफ लिई उपस्थित भएको छु । बिपक्षी निवेदकको झुट्ठा आधारहिन व्यहोराको रिट निवेदन खारेज भागी रहेको छ भनि निम्नलिखित प्रकरणहरुमा मेरो भएको यथार्थ विवरण सहित प्रस्तुत लिखित जवाफ पेश गरेको छु ।

मस्यौदाकार :- अधिवक्ता मो.अफताब आलम
प्र.प.नं १९२८५

१. **विपक्षीको रिट निवेदनको विस्तृत व्यहोरा मिसिल सामेल रहेको रिट निवेदनबाट अवगत हुने नै भएकोले सो वारेमा पुनराबृत्ति नगरी संक्षिप्त ब्यहोरामा मात्र निम्न प्रकरणमा उल्लेख गरेको छु ।**

**(क)** राजनैतिक दल खोल्न, सो को पदाधिकारी हुन, प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उमेद्धवार हुन, प्रतिनिधि सभा सदस्य हुन नेपाली नागरिक हुन आवश्यक छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा चितवन क्षेत्र नं. २ बाट प्रतिनिधीसभा सदस्यमा निर्वाचित रवि लामिछानेले संयुक्त राज्य अमेरीकाको नागरिकता लिई सकेपछि निजको नेपाली नागरिकता कायम नरहेको (नेपाल नागरिकता ऐन, २०६३ को दफा १०)

**(ख)** सन् २०१८ मा निजले अमेरीकाको नागरिकता त्याग गरेतापनि ऐ. ऐनको दफा ११ बमोजिम नेपालको नागरिकता पुनः प्राप्तीका लागि आवेदन दिई नागरिकता प्राप्त नगरेको हुँदा निज नेपाली नागरिक होईनन् ।

**(ग)** तसर्थ राष्ट्रिय स्वतन्त्र पार्टीको निजको पद खारेज देखी प्रतिनिधिसभा सदस्य पद समेत रद्द गर्ने र रिट निवेदनको अन्तिम टुँगो नलागेसम्मको लागी रबि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा उपस्थित हुन र कार्य गर्न रोक लगाई पाउँ भन्ने निवेदन दावि रहेछ ।

२. **निवेदकको निवेदन दाबि जिकिर नेपालको संविधान तथा नेपाल नागरिका ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ समेतका कानूनी र संवैधानिक व्यवस्था विपरित रहेकाले उक्त रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भनी निम्न ब्यहोराको लिखितजवाफ प्रस्तुत गर्दछु ।**

**(क)** म लिखतजवाफ प्रस्तुतकर्ता नेपाली बुबा आमाबाट नेपालमै जन्म भई वंशजका आधारमा मिति २०५०।११।१० मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ना.प्र.नं.१८२२२ को नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरेको नेपाली नागरिक हुँ । मैले नेपाली नागरिकता प्राप्त गरेपछि अध्ययन तथा रोजगारीको सिलसिलामा संयुक्त राज्य अमेरिका पुगेको र त्यहाँ बस्दै जाने क्रममा सोही मुलुकको स्थायी बसोबास अनुमति (पि.आर.) तथा २१ फरबरी २०१४ (तदनुसार २०७०।११।०९) मा अमेरीकाको नागरिकता प्राप्त गरेको थिएँ । मैले प्राप्त गरेको अमेरीकाको नागरिकता तथा राहदानी त्याग्न १८ मे २०१८ (तदनुसार २०७५।०२।०५) मा नेपाल स्थित अमेरिकी दुतावासमा निवेदन दिई नागरिकता त्याग्न लाग्ने दस्तुर रु.२,५८,५००।– दुतावासमा बुझाई प्रक्रिया अघि बढेकोमा संयुक्त राज्य अमेरीकाको Overseas Citizens Services, Department of State ले २८ जुन २०१८ (तदनुसार २०७५।०३।१४) मा अमेरीकी नागरिकता परित्यागको स्वीकृतीपत्र दिएको र उदउप्रान्त म अमेरीकी नागरिक नभएको प्रष्ट छ ।

**(ख)** रिट निवेदकले म लिखित जवाफवालाले उपरोक्त मितिमा अमेरीकाको नागरिकता परित्याग गरी सकेको कुरालाई स्वीकार नै गर्नुभएकोले यस बारेमा थप विवेचना गरी रहनु परेन । तर

अमेरीकाको नागरिकता परित्याग गरेपछि नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ अनुरुप पुनः नेपाली नागरिकता प्राप्त नगरी राजनैतिक दल दर्ता गर्ने, दलको अध्यक्ष हुने, प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवार हुने र प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुने समेतका कार्य गैर कानूनी रहेको भनी मेरा उपर नेपाली नागरिकताको प्रमाणपत्र पुनः प्राप्त नगरेको भन्ने अयोग्यताको प्रश्न उठाई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । यस सम्बन्धमा नागरिकता ऐन, २०६३ र नागरिकता नियमावली २०६३ ले गरेको निम्न कानूनी ब्यवस्था यहाँ उल्लेखनिय रहेको देखिन्छ ।

**नेपाल नागरिकता ऐन, २०६३**

१) नेपाली नागरिकता कायम नरहनेः दफा १० को उपदफा (१)

२) नेपालको नागरिकता त्यागेमा : दफा १० को उपदफा (२)

३) पुनः नेपाली नागरिकता कायम हुने: दफा ११

४) नागरिकताको प्रमाणपत्र रद्द हुने : दफा १२

५) नेपाली नागरिकबाट हटाउने : दफा १४

**नेपाल नागरिकता नियमावली, २०६३**

१) नेपाली नागरिकता त्याग्ने कार्यविधिः नियम ९ तथा सोको अनुसूचि–९ र अनुसूचि–१० ।

२) त्यागेकाले पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधिः नियम ११ तथा सोको अनुसूचि–११ र अनुसूचि–१२ ।

३) नागरिकता रद्द गर्ने कार्यविधिः नियम १२

(ग) यसरी नागरिकता ऐन, २०६३ ले नागरिकता कायम नहुने, नागरिकता त्याग्ने, नागरिकता रद्द हुने र नागरिकबाट हटाउने समेतका फरक फरक अवस्थाको बारेमा उल्लेख गरीएको छ । मैले अमेरीकाको नागरिकता लिएपछि नेपालको नागरिकता ऐनको दफा १० को उपदफा (१) अनुसार कायम नरहने अवस्थासम्म हो । अर्थात मैले दफा १० को उपदफा (२) अनुसार नेपाली नागरिकता नत्यागेको हुँदा नियम ९ को कार्यविधि समेत मेरो हकमा यहाँ प्रासंगिक छैन । त्यसै गरी यहाँ नागरिकता रद्द भएको वा नागरिकबाट हटाएको अवस्था समेत नरहेको हुँदा तत् सम्बन्धी कार्यविधिको समेत थप विवेचना गरी रहनु परेन ।

(घ) नागरिकता ऐन, २०६३ को दफा ११ ले "कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता

पुनः कायम हुनेछ" भनी उल्लेख गरेको तथा उक्त दफा ११ बमोजिम पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधिको बारेमा नियमावलीको नियम ११ मा उल्लेख गर्दा ऐनको दफा १० को उपदफा (१) अनुसारको कायम नरहेको नागरिकता बारे कुनै पनि कार्यविधि उल्लेख नगरी "....नागरिकता त्यागी विदेश गएको कुनै ब्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा..." भन्ने उल्लेख गर्दै नागरिकता त्यागेको निस्सा सहित पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूचिं-११ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने भनी उल्लेख गरेको पाईन्छ । म लिखित जवाफवालाले नेपाली नागरिकता त्यागी विदेश अमेरीका गएको अवस्था नहुँदा नियम ११ को कार्यविधि अनुसार नागरिकता त्यागी विदेश गएको र पुनः कायम गरी पाउँ भनी हुँदै नभएको झुट्टा विवरण दिई निवेदन गर्न सक्ने अवस्था आउदैन ।

**(ङ)** उल्लेखित नियम ११(१) मा ऐनको दफा ११ बमोजिम भनी उल्लेख गरीएको तर ऐनको दफा ११ अनुसार हुनुपर्ने कार्यविधि उल्लेख नगरी ऐनको दफा १० को उपदफा (२) अनुसार नेपाली नागरिकता त्यागी विदेश गएको ब्यक्तिले पुनः नेपालको नागरिकता लिनका लागी आवश्यक पर्ने कार्यविधि उल्लेख भएको पाईन्छ । यथार्थमा मेरो जस्तो ऐनको दफा १० को उपदफा (१) मा लेखिएको अवस्थाको विदेशी नागरिकले पुनः नेपालको नागरिकता लिनका लागी के कस्तो कार्यविधि हुनुपर्छ भन्ने कुरा सिंगो नागरिकता नियमावलीमा प्रष्ट नलेखिएको कुरा सोको अवलोकनबाटै देखिन्छ । साथै कुनै कार्यविधि नहुँदा नै पुनः कायम हुने शब्दावली प्रयोग भएको हो ।

**(च)** यसरी ऐनको दफा १० को उपदफा (१) अवस्था अनुसार नेपाली नागरिकता कायम नभएको विदेशी नागरिकले विदेशी मुलुकको नागरिकता परित्याग गरी पुनः नेपाली नागरिकता कायम गरी पाउन ऐनको दफा ११ ले पुनः नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि नेपाली नागरिकता पुनः कायम हुने कानूनी ब्यवस्था गरेको छ । यहाँ कसैले निर्णय गर्नुपर्ने\जारी गर्नुपर्ने\स्वीकृती गर्नुपर्ने जस्ता कुरा दफा १०(१) को अवस्थामा लागू नहुने स्पष्ट छ । म लिखितजवाफवाला अमेरीकी नागरिकको हैसियतले नेपालको भिषा लिई आएको र मेरो नेपालमा बसवोस गर्ने गैर पर्यटक (नातेदार) भिषा ०४ अक्टोवर २०१८ सम्म रहेको भएपनि सो अगावै १८ मे २०१८ मा मैले अमेरीकाको नागरिकता परित्याग गर्न लाग्ने दस्तुर तिरी आवेदन गरेको र मैले अमेरीकाको नागरिकता परित्याग गरेको निस्सा राखी नेपाल सरकार गृह मन्त्रालय र त्यस अन्तर्गतको अध्यागमन विभागलाई आफ्नो रेकर्ड अध्यावधिक गर्न अध्यागमन विभागलाई मिति २०७५।०३।०६ मा निवेदन दिएको, अध्यागमन विभागले पनि मैले दिएको निवेदन तथा अमेरीकाको नागरिकता परित्याग गरेको निस्सा सहितको संलग्न कागजातहरु गृह मन्त्रालयमा पठाएको र गृह मन्त्रालयले मिति २०७५।०३।०७ मा प्रेस काउन्सिल नेपाल र सूचना तथा सन्चार मन्त्रालयलाई

जानकारी गराएको तथ्यगत अवस्था छ । मैले अमेरीकाको नागरिकता परित्याग गरेको मिति उप्रान्त नेपालमा बसोबास गर्न भिषा लिनु नपर्ने भएकोले १८ मे २०१८ उप्रान्त कुनै भिषा नलिई नेपालमा बसोवास गरी आएको छु ।

**(छ)** मूख्यतः रिट निवेदकले मैले अमेरीकाको नागरिकता परित्याग गरे उप्रान्त पुनः नेपाली नागरिकता नलिएको र सो लिनका लागी निवेदन नै नदिएको भन्ने जिकिर लिदै नागरिकता नियमावली २०६३ को नियम ११ तथा सोको अनुसूचि–११ र अनुसूचि–१२ बमोजिमको कुनै प्रकृया पूरा नगरी साविक कै नागरिकता प्रयोग गरी आएको कार्य गैर कानूनी हो भनी लिनु भएको दाबि जिकिर मेरो हकमा आकर्षित हुने देखिदैन । किनकी नियम ११ तथा सोको अनुसूचि–११ र अनुसूचि–१२ मा लेखिएको कार्यविधि नेपाली नागरिकता त्यागेर विदेश गएको र त्यसरी नागरिकता त्यागी गएको विदेशीले पुनः नेपाली नागरिकता लिनका लागी अपनाउनु पर्ने कानूनी कार्यविधि हो भन्ने कुरा उक्त नियमको अवलोकनबाटै प्रष्ट देखिन्छ ।

**(ज)** यसरी म लिखित जवाफवालाको हैसियत भनेको अमेरीकाको नागरिकता लिएपछि ऐनको दफा १० को उपदफा (१) अनुसार नेपाली नागरिकता कायम नभएको र तद्उप्रान्त अमेरीकाको नागरिकता परित्याग गरेपछि ऐनको दफा ११ अनुसार पुनः नेपाली नागरिकता कायम हुन आएको अवस्था हो । नागरिकता ऐन, २०६३ ले ऐनको दफा १० को उपदफा (१) अनुसार कायम नरहेको नागरिकता पुनः कायम गराउने कार्यविधि उल्लेख नगरे पनि मैले अमेरीकाको नागरिकता परित्याग गरेको विवरण उक्त समयमा भिषा लिई नेपालमा बसेको विदेशी नागरिकको सरोकार रहेको अध्यागमन विभागमा पेश गरेको र पेश भएको निवेदन सहितको विवरण अध्यागमन विभाग हुँदै गृह मन्त्रालय समेतमा मौकैमा पुगेको छ । विध्यमान नागरिकता ऐन, नियमले त्याग गर्नेको हकमा पुनः नेपाली नागरिकता कायम गर्दा नयाँ नेपाली नागरिकताको प्रमाणपत्र जारी हुने नभै साविककै विवरणको नागरिकता प्रमाणपत्र विदेशी मुलुकको नागरिकता परित्याग गरेको निस्सा दर्ता भएको मिति देखि पुनः कायम हुने कानूनी ब्यवस्था रहेको कुरा स्मरण गराउन चाहन्छु । रिट निवेदकले म लिखितजवाफवालाको सम्बन्धमा अयोग्यताको प्रश्न उठाउँदा उल्लेख गरेको पुनः नागरिकताको प्रमाणपत्र नलिएको, नेपाली नागरिक नभएको भन्ने समेतका दाबि जिकिरलाई रिट निवेदकले उल्लेख गरेका कुनै पनि कानूनले समर्थन गर्दैन ।

**(झ)** विधायीकाले नागरिकता ऐन बनाउँदा दफा ११ मा पुनः नेपाली नागरिकता कायम हुने २ वटा पूर्व अवस्थालाई उल्लेख गरी नागरिकता त्यागेको निस्सा दर्ता भएको मितिदेखि नेपाली नागरिकता पुनः कायम हुने कुराको सुनिश्चितता गरेको छ । उक्त ऐनको दफा २३ ले नियम बनाउने अधिकार नेपाल सरकारलाई दिएको छ । तर नेपाल सरकारले नियमावली बनाउँदा ऐनको दफा १० (१) अनुसार नेपाली नागरिकले आफूखुशी विदेशी नागरिकता लिई नेपाली नागरिकता कायम नरहेको ब्यक्तिको कुनै समय पछि पुनः विदेशी मुलुकको नागरिकता त्यागी नेपालको नागरिकता लिने बारेमा स्पष्ट कार्यविधि प्रक्रिया नियमावलीमा नराखेको ऐन आफै स्पष्ट भएको भन्ने

कारणबाट नेपाल सरकारकै नागरिकतासँग सम्बन्धीत मन्त्रालय (नेपाल सरकार गृह मन्त्रालय) मा मौकैमा विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा सहितको निवेदन दिई सकेको र नेपाल सरकारले पनि सोलाई स्वीकार गरी साविक कै नागरिकता प्रमाणपत्रको आधारमा राज्यबाट पाउने सबै प्रकारका सेवा सुविधा, हक अधिकार निरन्तर भोग गरी आएको अवस्थामा मैले नेपाली नागरिकता अनुसार भोगेको, हासिल गरेको सेवा सुविधा र प्राप्त गरेको पदीय हैसियतमा हाल निवेदकले दावि जिकिर लिएकै कारणबाट अन्यथा हुन सक्दैन ।

**(ञ)** अध्यागमन ऐन, २०४९ को दफा २(ख) ले "विदेशी" भन्नाले तत्काल नागरिक नभएको जुनसुकै ब्यक्ति सम्झनु पर्छ भनि विदेशीको परिभाषा गरेको छ । उक्त ऐन र अध्यागमन नियमावली, २०५१ ले विदेशी नेपाल प्रवेश गर्न र उपस्थिती हुन भिषाको अनुमति लिनुपर्ने ब्यवस्था गरेको छ । म लिखितजवाफ प्रस्तुतकर्ता अमेरीकाको नागरिकता परित्याग उप्रान्त भिषाको अनुमति लिई बसोवास गरेको नभै नेपाली नागरिक भई नागरिकको हैसियतले प्राप्त गर्ने सवै सुविधा र कानूनी दायित्व र कर्तब्य निर्वाह गरी आएको छु भन्ने तथ्यमा बिमती रहेको छैन । यस्को आधिकारीकता अध्यागमन बिभागबाटै मैले अमेरीकी नागरिकता त्यागेको र त्यागे उप्रान्त भिषा प्रयोजनका लागी विवरण अध्यावधिक गर्न जानकारी गराएको र सो जानकारी अध्यागमन विभाग मार्फत गृह मन्त्रालय लगायतका अन्य बिभिन्न सरकारी निकायमा समेत मौकैमा पुगेको तथ्यमा विवाद रहेको छैन ।

**(ट)** रिट निवेदकले एकातर्फ मैले अमेरीकाको नागरिकता परित्याग गरेपछि पुनः नेपाली नागरिकता नलिएको भनी संसद सदस्यको अयोग्यताको प्रश्न उठाउनु भएको छ भने अर्को तर्फ मैले प्रयोग नै नगरेको २०१५ मा जारी भएको नेपाली पासपोर्टको समेत प्रसंग उल्लेख गर्नु भएको पाईन्छ । सो बिषय प्रस्तुत रिटमा उल्लेख भएको प्रतिनिधि सभाको सदस्य पदको योग्यता र अयोग्यतासँग सम्बन्धीत बिषय नभएको र प्रयोग नभएको पासपोर्ट बारे यहाँ थप विवेचना गरी रहनु पर्ने अवस्था देखिदैन ।

**(ठ)** यथार्थमा, म लिखितजवाफ प्रस्तुतकर्ता अमेरीकाबाट फर्केपछि न्यूज–२४ मा ***"सिधा कुरा जनतासँग"*** भन्ने कार्यक्रममा आवद्ध भई उक्त कार्यक्रम सञ्चालन गर्ने क्रममा करिब ५ बर्ष अघि मेरो नेपाली नागरिकता सम्बन्धमा प्रेस काउन्सिलमा उजुरी पर्दाको क्रममा मैले तत्कालीन अमेरिकी राहदानी र नागरिकता त्यागेको सूचना मिति २०७५।०३।०६ मा अध्यागमन विभाग मार्फत् नेपाल सरकार, गृह मन्त्रालयमा पेश गरेको थिएँ । गृह मन्त्रालय अन्तर्गतको अध्यागमन तथा सीमा प्रशासन शाखाले मिति २०७५।०३।०७ मा प्रेस काउन्सिललाई लेखेको पत्र (पत्र संख्याः अ.सी.।०७४–७५, च.नं. २२६४) मा सो व्यहोरा खुलाई प्रष्ट पारिएको छ भने मेरो विरुद्ध प्रेस काउन्सिलमा परेको उजुरीमाथि छानबिन गरी प्रेस काउन्सिल नेपालले मिति २०७५।०३।०७ मै प्रकाशित गरेको सार्वजनिक महत्वको प्रेस विज्ञप्ति (प.सं. च.नं. २४७७।०७४।०७५) ले पनि मैले २०७५।०३।०६ गते नै अमेरिकी नागरिकता र राहदानी परित्याग गरेको तथ्यमा बिवाद रहेको छैन

। यसरी, मेरो नेपाली नागरिकता र अमेरिकाको नागरिकता सम्बन्धि तमाम विषयहरु अध्यागमन विभाग, गृह मन्त्रालय, प्रेस काउन्सिल लगायतका सरकारी निकायहरुलाई आज भन्दा करिब ५ बर्ष अघि जानकारी रहेको थियो भन्ने तथ्यमा पनि विवाद छैन ।

**(ड)** त्यसैगरी अर्को तथ्यगत अवस्था तर्फ हेर्दा, मिति २०७६ सालमा जिल्ला प्रहरी कार्यालय चितवनले मृतक शालिग्राम पुडासैनी भएको आत्महत्याको दुरुत्साहन मुद्दामा मसँग वयान लिंदा, जिल्ला सरकारी वकील कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोग पत्रमा मलाई प्रतिवादी कायम गर्दा, चितवन जिल्ला अदालतले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ को उपदफा २(ख) को प्रयोग नगरि दफा ६८ को प्रयोग गरि मु.नं.**(०७६-C१-००४७,, चितवन जिल्ला अदालत)** मा मिति २०७६।०५।०५ गते थुनछेकको आदेश गरेको, त्यसैगरी, उच्च अदालत पाटन, हेटौडा ईजलासले मुलुकी फौजदारी कार्यबिधि संहिताको दफा ७३ नं. अन्तर्गत आदेश गर्दा होस वा चितवन जिल्ला अदालतले मिति २०७६।१०।०५ मा अन्तिम फैसला गर्दा होस या जिल्ला सरकारी वकील कार्यालय चितवन, उच्च सरकारी वकील कार्यालय हेटौडा मार्फत महान्यायधिवक्ता कार्यालयले मेरो विरुद्ध माथिल्लो अदालतमा पुनरावेदन नगर्ने निर्णय गर्दा समेत मेरो नेपाली नागरिकता उपर कुनै प्रश्न नउठाई नेपाली नागरिककै रुपमा स्विकार गरेको अबस्था समेतबाट मेरो नेपाली नागरिकताका बारेमा रिट निवेदनमा उठाईका बिषय झुट्ठा हुन भन्ने प्रष्ट छ ।

**(ढ)** त्यस्तै, प्रस्तुत रिट निवेदन यस सम्मानित अदालत समक्ष दर्ता हुनु भन्दा अगावै अर्थात म लिखितजवाफ प्रस्तुतकर्ता रबि लामिछाने प्रतिनिधिसभा निर्वाचन अन्तर्गत चितवन क्षेत्र नं. २ को उम्मेवार मात्र रहेको समयमै यहि बिषयका सम्बन्धमा मिति २०७९।०७।२९ मा राजकुमार पाण्डे समेतले निर्वाचन आयोगमा उजुरी दर्ता गराएकोमा प्रतिनिधिसभा सदस्य उम्मेदवारको योग्यता सम्बन्धमा प्रारम्भिक रुपमा निर्णय गर्न कानून बमोजिम अख्तियार प्राप्त संबैधानिक निकाय निर्वाचन आयोगले मिति २०७९।०८।१३ मा निर्णय गरी सकेको छ । मलाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुन योग्य रहेको ठहर गरि मेरो उमेद्वारी रद्द नगरेको, बरु मिति २०७९।०८।०९ मा प्रतिनिधिसभा निर्वाचनमा बिजयी भएको घोषणा गरी प्रमाण पत्र समेत दिएको अवस्था छ । मिति २०७९।०८।१६ मा प्रस्तुत रिट निवेदक स्वयंले गृह मन्त्रालयमा उजुरी दिई उक्त उजुरी कारबाहिको अवस्थामा रही रहेको छ । यसरी, मेरो नागरिकताको बिषय प्रहरीको अनुसन्धानमा रहेको हुँदा सोही बिषयमा यस सम्मानित अदालतमा रिट निवेदन दायर गर्ने र यस अदालतबाट सोही बिषयमा आदेशको माग गर्न मिल्दैन । सम्मानित सर्वोच्च अदालतबाट यस्तै प्रश्न समावेश भएको मुद्दामा ***"के कसरी र कुन व्यहोराबाट टुङ्गो लगाउने वा त्यस्ता कागजहरुको सत्यता पहिचान गरी विवाद निरुपण गर्ने कार्य यस अदालतको अधिकार क्षेत्र अन्तगत समाहित हुने बिषय हुन नआउने*** भनी ने.का.प. २०७३ अंक ८ नि.नं.८६५१ मा नजिर सिद्धान्त समेत प्रतिपादीत भईसकेको अवस्थामा प्रतिनिधिसभा सदस्यको लागी अयोग्य रहेको भनी मेरो योग्यता माथि प्रश्न उठाई दायर भएको प्रस्तुत रिट निवेदन उल्लेखित नजिर सिद्धान्त

तथा नेपाल नागरिकता ऐन समेत बिपरित रहेकोले विपक्षीको रिट निवेदन खारेज गरी न्याय दिलाई पाउँ ।

(ण) म लिखित जवाफ प्रस्तुतकर्ताले मेरो नेपाली नागरिकताका आधारमा कानून बमोजिम नै नेपालमा बैंकिङ कारोवार, स्थायी लेखा नं., मतदाता नामावली, मतदाता परिचय पत्र, विवाह दर्ता तथा नेपाली नागरिक भएका नाताले पाउने सम्पूर्ण सेवा सुविधा लाभहरु उपभोग गरिरहेको छु भने विभिन्न संघ संस्थाको संस्थापक तथा साधारण सदस्य समेत रहि आएको छु । यि प्रमाणहरु समेतको आधारबाट पनि नेपाल राज्यले मलाई नेपाली नागरिकका रुपमा स्वीकार गरिरहेको प्रष्ट हुन आउँछ भने नागरिकता भनेको व्यक्तिको अस्तीत्वसंग गाँसिएको हुन्छ । कुनै पनि व्यक्ति बिना नागरिकता रहन सक्छ भन्ने कुरा सभ्य समाजले सोच्न समेत सक्दैन । त्यसैगरी, नेपाल पक्ष रहेको र सन्धि ऐनको दफा ९ बमोजिम नेपाल कानुन सरह लागु हुने Universal Declaration of Human Right (UDHR) अर्थात मानव अधिकारको विश्वब्यापी घोषणा पत्र १९४८ को धारा १५ ले "कुनै पनि ब्यक्ति राज्यविहिन नहुने" भन्ने ब्यबस्था मेरो हकमा समेत आकर्षित हुने प्रष्ट छ । नागरिक तथा राजनीतिक अधिकार बिषयक महासन्धि १९६६ को धारा १४ ले पनि प्रत्येक ब्यक्तिको जन्मदर्ता गर्न पाउने अधिकारका साथै विना भेदभाव राष्ट्रियता प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितता गरेको छ । प्रस्तुत विवादमा निर्विवाद तथ्य के हो भने मैले अमेरीकाको नागरिकता त्यागी सकेको र मेरो साबिकै नेपाली नागरिकता पुनः कायम रहेको छ । तसर्थ, म नेपाली नागरिक होइन भनी प्रश्न उठाउने निवेदकले म विदेशको नागरिक रहेको प्रमाण सम्मानित अदालतमा पेश गर्न सक्नु पर्छ अन्यथा म जस्तो नागरिकको निजि जीवन, म र मेरो देशको सम्बन्धलाई जोड्ने मेरो नगरिकताको बारेमा झुठो आरोप लगाउन मिल्ने होइन ।

(त) विपक्षी रिट निवेदकले मैले पुनः नेपाली नागरिकता प्राप्त नगरेकोले प्रतिनिधि सभा सदस्य पदको लागि कानून बमोजिम अयोग्य रहेको भनी रिट निवेदनमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३, राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४(२), २१, ४६, ५५ र ५७, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १४ समेतको विपरीतमा कार्य भएको भनी लेखिएको पाईन्छ । निवेदकले उल्लेख गरेका उल्लेखित कानूनी ब्यवस्था विदेशी नागरिक एवं नेपाली नागरिकता नभएको ब्यक्तिको हकमा आकर्षित हुने कानूनी ब्यवस्था हो । तर मेरो हकमा यसै लिखित जवाफको माथिका बिभिन्न प्रकरणहरुमा मेरो साविकको नेपाली नागरिकता पुनः कायम भएको भनी सोको कानूनी आधार र तथ्यगत प्रमाणको बारेमा उल्लेख गरी सकेको हुँदा सोही आधार र कारणबाट प्रतिनिधि सभा सदस्यको लागी योग्य रहेको र उल्लेखित कानूनबाट म अयोग्य नरहेको ब्यहोरा अनुरोध गर्दछु ।

३. अतः माथिका उल्लेखित आधार प्रमाण, सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादीत नजिर सिद्धान्त तथा प्रचलित कानून समेतको मुल्याँकन गरि विपक्षी निवेदकको निवेदन पत्र खारेज गरी न्याय दिलाई पाउँ ।

४. प्रस्तुत लिखित जवाफ दर्ता गर्न हाल कानून व्यवसायी नियुक्ति गरेका छैनौ, पछि हाम्रा तर्फबाट बहस पैरवि गर्नु हुने कानून व्यवसायीहरुको बहस बुदाँ लाई समेत यसै मुद्धाको अंग मानि प्रमाणमा लिई पाउँ ।

**५. संलग्न कागजहरु :-**

क) सम्मानित अदालतबाट मेरो नाममा जारी भएको म्यादको प्रतिलिपी.....................१

ख) यसै मुद्दा संगै लगाउमा रहेको रिट नम्बर (०७९-WC-००३६) मा लिखित जवाफ पेश गर्दा पेश गरेका प्रमाणहरु लाई समेत प्रस्तुत लिखित जवाफको प्रमाणमा लिई पाउँ ।

६. माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहेरमा कनुन बमोजीम सहुँला बुझाउँला ।

निवेदक

वा अधिवक्ता मो. अफताब आलम

इति सम्बत् २०७९ साल पौष महिना २९ गते रोज ६ शुभम्...........................।